"खुसी र समृद्धी: अबको रुन्टीगढी"

# आ.व. २०८३/०८४ का लागि रुन्टीगढी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु,**

रुन्टीगढी गाउँपालिकाको यस सम्मानित र गरिमामय गाउँसभाको २० औं अधिवेशनको पहिलो बैठकमा आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरुसमक्ष उभिएको छु । जनताको अधिकार जनताका लागि प्रयोग र अभ्यास गर्न विशेष जिम्मेवारी बोधका साथ रुन्टीगढी गाउँपालिका बासीहरुका लागि जीवनरेखा कोर्ने अठोट र प्रयत्नसहित यो पूनित अवसर र स्थानमा प्रस्तुत हुन पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु।

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रात: स्मरणीय महान् सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु । यस क्रममा भएका सबै आन्दोलन तथा सङ्घर्षको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदीबहिनी र दाजुभाईहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

प्रत्येक रुन्टीगढीवासीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धी प्रति गौरव बोध गराउन; जनतामा राज्यप्रति थप आशा र भरोसा पैदा गर्न आर्थिक गतिशिलता बढाउन भ्रष्टाचार र दण्डहिनता अन्त्य गर्न यो सरकार प्रतिबद्ध छ ।

जनचाहानालाई आत्मसाथ गर्दै नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोश्रो निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ। लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रहदै समाजवादप्रति प्रतिबद्ध, दिगो विकास, सुशासन र समृद्धिको चाहना पूरा गर्ने दिशामा यो स्थानीय सरकार अग्रसर रहदै अगाडि बढेको कुरा निवेदन गर्न चाहन्छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

संघीयताको जगमा उभिएको स्थानीय सरकार मार्फत शिक्षा, स्वास्थ्य र रोजगार, घरघरमा अधिकार जस्ता सिद्धान्त र नारालाई साकार पार्न जिम्मेवारीसहित हामी प्रयत्नशिल छौं । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो। साधन स्रोत, संविधानत: अधिकार एवं उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा निक्षेपित गरी जनतालाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागत योग्य छ। रुन्टीगढी गाउँपालिकाको स्थानीय सरकारले यस पालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूलप्रवाहीकरण हुन सहयोग पुग्ने, जनताको आय स्तरमा बृद्धि हुने, रोजगारी सृजना हुने, गाउँपालिकाको बहुआयामिक पहिचान स्थापित हुने, कृषि, पर्यटन तथा उत्पादनको क्षेत्रमा व्यव्सायिक विकासमा योगदान पुग्ने प्रकृतिका योजना तर्जुमा गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा अर्थपूर्ण सहभागी गराउने, स्थानीय मागमा आधारित रही यस क्षेत्रको माटो हावापानी सुहाउँदो कार्यक्रम एवं

विकासका गतिविधिहरु संचालन गरि समग्रमा यस क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरिबी निवारणमा सुधार ल्याउने प्रमुख ध्येय यो सरकारले राखेको छ।

**उपस्थित सदस्यज्यूहरु,**

सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्यशक्तिको प्रयोग गर्ने अधिकार प्राप्त भएको यस गरिमामय सभामा संघीयता कार्यान्वयनको हालसम्मको अभ्यास, अनुभव, पृष्ठपोषण र आगामी कार्यदिशा तय गर्न यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित र गौरवान्वित भएको महसुस गरेको छु।

समग्रमा, नेपालको संविधानले व्यवस्था गरेका प्रावधान र संघीय शासन व्यवस्थाको चरित्र बमोजिम राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन संचालन गर्न गाउँकार्यपालिका तथा गाउँसभाको गठन भएको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित रहि उपलब्ध स्रोत साधनको अधिकतम उपयोग र परिचालनको माध्यमबाट उपयोग, संरक्षण र सम्बर्द्धन गर्दै विकासको प्रतिफल सबै रुन्टीगढीवासीहरुले समान र न्यायोचित तरिकाबाट प्राप्त गर्ने गरी आर्थिक समुन्नतिको आधारशिला तय गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेकोछु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत गरिनेछ ।

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार पार्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्य सम्बद्ध ऐन तथा कानूनहरुका साथै अन्य नीतिगत मार्गदर्शन, दिगो विकास लक्ष्य, रुन्टीगढी गाउँपालिकाको आवधिक योजना, मध्यकालीन खर्च संरचना समेतलाई आधार बनाएको छु ।

समग्रमा, अघिल्ला आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन हुदै आएका छन्। हाम्रो दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन, नीति तथा कार्यक्रमहरु जनमुखी छन् र कार्यान्वयन पनि परिणाममुखि हुनेछन्।यसै सन्दर्भमा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले जनताका चाहनाहरुलाई व्यवहारतः सम्बोधन गर्नेमा म विश्वस्त छु । गाउँपालिका भित्र कार्यान्वयन गरिने आगामी योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरि बजेट व्यवस्था हुन नसकेका योजनाहरुलाई योजना बैंकमा समावेश गर्दै प्रदेश र संघीय मन्त्रालयका साथ साथै अन्य दातृ निकायसँगको साझेदारीमा सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ। विकास योजनाहरुलाई निश्चित पद्धतीमा आवद्ध गरी लैजान नै आवधिक योजना निर्माण सम्पन्न गरीएको छ । दिगो विकासका लक्ष्यहरुलाई प्राप्त गर्न पालिकाको आवधिक योजना, वार्षिक बजेट एवं मध्यमकालिन खर्च संरचना (Mid-Term Expenditure Framework) सँग तालमेल गराई आगामी योजना तथा कार्यक्रम तय गरिनेछ ।

**उपस्थित सदस्यज्यूहरु,**

कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीमूलक र आत्मनिर्भरमुखी बनाउन विषेश पहल कदमी लिइनेछ । वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई सिपमूलक, व्यवसायमूलक स्वरोजगारीमा आबद्ध हुन प्रेरित गरिनेछ । पर्यटन क्षेत्रको विकासको लागि रुन्टीगढी गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, सम्बर्द्धन एवं प्रचारप्रसार गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यापर्यटन उद्योगको विकास गर्दै त्यसको प्रत्यक्ष लाभ जनस्तर सम्म पुर्याइनेछ । स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउदै सबैको सहज र समान पहुँच सुनिश्चित गरिनेछ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाका कार्यक्रम ल्याईनेछ । अन्तरपुस्ता स्थान्तरणको सिद्धान्तलाई आत्मसात गरी उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण,

संबर्द्धन र वातावरण अनुकुल दिगो गर्दै उपयोग गरिनेछ। आवश्यकता अनुसार सूचना प्रविधिको विस्तार गरि त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच स्थापित गरिनेछ।

**उपस्थित सदस्यहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु।**

**क. आर्थिक विकास**

१. कृषि तथा पशुपन्छी क्षेत्र विकास नीति

- **"कृषिमा उत्पादकत्व वृद्धि: रुन्टीगढी गाउँपालिकाको समृद्धि"** भन्ने नारालाई आत्मसात गरी कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभूता तथा पोषण सुनिश्चिता गरिनेछ । आर्थिक वृद्धि र स्वरोजगारीको प्रमुख संवाहकको रुपमा रहेको कृषि व्यवसायलाई आधुनिक र प्रविधियुक्त बनाउदै सम्मानित व्यवसायको रुपमा विकास गर्ने नीति लिइने छ ।
- निर्वाहमुखी कृषि प्रणालीबाट क्रमश: आधुनिक, यान्त्रिकरण, व्यवसायिक, बजारीकरणतर्फ रुपान्तरण गर्दै तुलनात्मक लाभ एवं प्रतिपस्पर्धात्मक उत्पादनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेको होलेरी, सुर्पाल र दुब्रिङ कृषि हाटवजारको उपलब्धीलाई मध्यनजर गर्दै कृषकलाई हाटवजार संग जोड्न उत्प्रेरीत गरीनेछ । किसानको खाद्य सम्प्रभूता र खाद्य अधिकार स्थापित गराउन उत्पादनलाई बजारसँगको बलियो इकोसिस्टम कायम गरिनेछ ।
- उत्पादनका आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गुणस्तरीय, उन्नत तथा बर्णशंकर बिउ उपयोग गरि आत्मनिर्भर हुने र जलवायु परिवर्तका असरलाई सहन सक्ने वातावरण अनुकुलन मैत्री स्थानीय बीउविजनको अनुसन्धान र विकासमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय र सहकार्यमा काम गर्ने नीति लिइनेछ।
- पालिका वाट संचालन भइरहेको कृत्रिम गर्भाधारण कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- किसानको हकहित संरक्षण र संबर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन जैविक र प्राङगारिक खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- पशुपालन, मत्स्यपालन, फलफूल खेती, मौरीपालन र तरकारी खेतीको पकेट क्षेत्रको रुपमा विकास गरी बिमा तथा बजारीकरणको व्यवस्था गरिनेछ ।
- पशुपालनमा सहयोग होस भन्ने हेतुले अनुदान कार्यक्रमलाई प्राथमिकताकामा राखिनेछ । एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- उत्पादन प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराई बेमौषमी खेति प्रणाली अबलम्बनमा किसानहरुलाई गरीएको प्रोत्साहनलाई निरन्तरता दिएनेछ ।
- कृषिको संभाव्यता अध्ययन गरि किसानलाई सहुलियतपूर्ण ऋण तथा अनुदानको प्रबन्ध मिलाईनेछ।
- कृषि,पशुपंक्षी तथा मत्स्य तथ्याङक अध्यावधिक कार्यक्रम, ईपिडिमियोलोजी रिपोर्टिङ कार्यक्रम संचालन गरिने छ ।
- रैथाने बालीहरु जस्तो (कोदो, फापर, जौ, कागुनो) प्रवर्द्धन गर्दै बजारीकरणमा जोड दिइनेछ ।
- जमिन भाडामा वा लिजमा लिएर ब्यबसायीक कृषि गर्न चाहने किसानहरुलाई दिएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ५० प्रतिशत अनुदानमा वितरण गर्दै आएको तरकारीको बिउ तथा फलफुलको विरुवा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- **"घर दैलोमा प्राविधिक सेवा: व्यवसायिक कृषिजन्य उत्पादनमा टेवा"** भन्ने मान्यतालाई आत्मसात गर्दै व्यवसायिक कृषकको फर्ममै पुगी घुम्ति प्राविधिक परामर्श तथा उपचारको सेवा प्रदान गर्ने कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।
- यस गाउँपालिकामा पर्यावरणमा आधारित जलवायुमैत्री पूनउत्पादन कृषि प्रविधिलाई प्राथमिकतामा राखी प्रवर्द्धन गरिनेछ ।जस्तै उन्नत कम्पोष्टमल, जैविक झोलमल तथा विषादी, गड्यौला मल, कोशेवाली खेती प्रविधि,बाली चक्र प्रविधि र बाली विविधिकरण आदी ।
- कृषकलाई **किसान परिचय पत्र** वितरण गरी पालिकाबाट कृषकलाई प्रदान गरीने सेवालाई थप व्यवस्थित गरीनेछ ।
- घरमा हल गोरु र दुहुना गाई भैसी पाल्ने कृषकलाई प्रोत्साहन गर्ने निति लिइने छ ।
- कृषि तथा पशु बिमाको दायरा विस्तार गरीनेछ ।
- स्थानीय पोषणयुक्त, खाद्य उत्पादन, प्रशोधन र उपभोगलाई प्रोत्साहन गरी खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधिकरण कार्यक्रम सञ्चालन गरीनेछ ।
- साना किसान, महिला तथा विपन्न परीवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसंग जोडिनेछ ।

## २. पर्यटन नीति

- पर्यटन मार्फत आर्थिक समृद्धि हाँसिल गर्न पर्यटन पर्वाधार निमार्णमा जोड दिईनेछ ।
- गाउँपालिकालाई प्राकृतिक, साँस्कृतिक, साहसिक, युद्ध पर्यटन र चलचित्र पर्यटनको सुरक्षित तथा आकर्षक गन्तव्यका रुपमा विकास गरिनेछ । योग ध्यानमार्फत सकरात्मक सोचको अभिवृद्धि गरी यस पालिकालाई आरोग्य र ध्यान पर्यटनको आकर्षक स्थलको रुपमा प्रवर्द्धन गरिनेछ ।
- रुन्टिगढी गाउँपालिकामा रहेका पर्यटक स्थलको सम्बन्धमा गरिएका सम्भाव्यता अध्ययन तथा डि.पि.आर. हरुलाई कार्यान्यिवनमा निरन्तरता दिइनेछ।
- पालिकामा रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक महत्वका थप क्षेत्रहरुलाई विकास विस्तार र प्रचार गरि सम्पदाको दिगो संरक्षण संवर्द्धन गर्ने नीति लिइनेछ ।
- होलेरी हिल स्टेशनको अवधारणालाई मूर्तरुप दिन निर्माणाधिन संरचनाहरुमा थप सुधार गरी अन्य सरोकारवालाहरु सँग समन्वय र सहकार्यका साथ अगाडी बढिनेछ ।
- आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने प्रकृतिका प्रचारात्मक र प्रबर्धनात्मक कार्यक्रम संचालन गरिनेछ । यसका लागि सम्बन्धित संघ सस्थाहरुसंग अन्तर समन्वयात्मक सम्बन्ध विकास गरिनेछ ।
- पर्यापर्यटन, मनोरञ्जन र पर्यटकमैत्री वातावरण सृजनाका लागि सरोकारवालाहरु विच अन्तरकृया तथा क्षमता अभिबृद्धि गर्न पर्यटन नीति बनाई लागु गरीनेछ ।
- उँघा, खर्से र दहवन ब्यारेकलाई व्ववस्थापन गर्दै पर्यटनमैत्री उद्यानको रुपमा विकास गरीनेछ ।
- स्थानीय खानपिन तथा परिकारहरुको ब्राण्ड तयार गरी पर्यटन प्याकेजका रुपमा विकसित गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

- ग्रामिण पर्यटन, समुदायमा आधारित पर्यटनको विकास तथा प्रोत्साहन गर्न व्यवसायीहरुका लागि भाषागत सिप, तालिम, सरसफाई र सुरक्षा सम्बन्धी अभिमुखीकरण गरिनेछ।
- पैदल मार्ग, लम्बीय पहाड पैदल यात्रा, साहसिक पर्यटन (बन्जि जम्प, प्यारागलाईडिङ, जिप फ्लायर,स्काई साइकिलिङ, नाईट जंगल स्टे) संचालनका लागि दातृ निकाय तथा निजी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ।
- ऐतिहासिक महत्वका रुन्टि गढीलाई संरक्षण र सम्बर्द्धन गर्न पहल गर्ने नीति लिइनेछ ।
- रुङ्कोट गढी, पुरानो दरवार म्यागजिन गढी, उमागढीलाई बाइसे चौविसे राज्यको रुपमा गढीकिल्लाको रुपमा विकास गरिनेछ ।

## ३. सिचाई नीति

- सिँचाइ र कृषिको पारस्परिक सम्बन्धलाई प्रभावकारी बनाउन **"कृषकका गरा: सधै हराभरा"** भन्ने अभियानलाई कार्यन्वयनमा लैजान कृषि सिँचाइ पुर्वाधारको विकास र विस्तार गरिनेछ ।
- सिँचाइको सम्भावना भएको क्षेत्रमा व्यवस्थित सिचाईको व्यवस्था गरिनेछ ।
- जलस्रोतको दिगो उपयोग गर्न जलपुर्भरण, मुलको संरक्षण तथा जलाशय निर्माणमा जोड दिइनेछ ।
- हाल सम्म सम्पन्न भएका सिचांई कुलो, नहर, पोखरी वाट वृद्धि भएको कृषि उपजबाट उत्साहित हुँदै थप कृषि योग्य जमिनलाई सिचाँई उपलब्धताको आधारमा कुलो, नहर तथा पोखरी निर्माणलाई निरन्तरता दिइनेछ ।

## ४. उद्योग घरेलु तथा वाणिज्य नीति

- **"स्वदेशी उत्पादनको उपयोग, समृद्ध गाउँपालिका निर्माणमा सहयोग"** भन्ने मूल नाराका साथ गाउँपालिका तथा स्वदेशमा उत्पादन भएका वस्तुहरुको प्रयोग बढाउदै जाने व्यवस्था मिलाइनेछ । स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योग, घरेलु उद्योगको स्थापनाको लागि विशेष छुट एवं सुविधा उपलब्ध गराइनेछ ।
- उद्यम विकास मार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनिकरणमा योगदान पुर्याउने खालका स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- वन पैदावारमा आधारित उद्योग स्थापनाको लागि संभाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- दैनिक उपभोग्य वस्तुहरुमा आधारित उद्योग संचालन गरीने र त्यसका लागि समूह सहकारीसंग साझेदारी गर्ने नीति लिइनेछ ।
- घरेलु (फलफुल जन्य) मदिरा उत्पादन, व्यवस्थापन, व्राण्डीङ तथा वजारीकरण गर्ने उद्यमिहरुलाई प्रोत्साहन गरीनेछ ।
- अनुमती नलिई वा अनुमती लिएपनि नियम विपरित संचालन भएका खानी उद्योगहरुलाई खानी विभागसंग समन्वय गरी कारवाही गर्ने नीति लिइनेछ ।
- व्यवसाय दर्ता, नवीकरण जस्ता कार्यलाई विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ । नविकरण नभएका व्यवसाय, फर्मलाई निश्चित समय तोकि कर छुट तथा सहुलियत प्रदान गरी नवीकरण संचालन गर्न प्रोत्साहन गरिनेछ । उपभोक्ताको अधिकारको संरक्षण गर्न जनचेतना तथा बजार अनुगमन प्रणालीलाई नियमित गरि प्रभावकारिता वृद्धि गरिनेछ ।

## ५. सहकारी तथा वित्तिय नीति

- गाउँपालिकाभित्रका सबै सहकारीहरुको व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि संरक्षण, अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका भित्रको वचत तथा कृषि सहकारी हरुलाई Online Data (COPOMIS) System अनिवार्य सञ्चालन गरीनेछ ।त्यसको लागी सहकारीको क्षमता विकासको कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै रुग्न अवस्थामा रहेका सहकारीहरुको पुनर्उथान गर्न पहल गरिनेछ ।

## ६. वैदेशिक तथा अन्य रोजगार नीति

- रोजगारीका सम्भाव्य क्षेत्रको पहिचान, श्रमिक र रोजगारदाता बीचको अन्तरसम्बन्ध, सामाजिक सुरक्षा, श्रमशक्ति व्यवस्थापन लगायतका विषयहरु समावेश गरी श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक सूचना, सीपयुक्त तालिम एवं न्यायको पहुँचको सुनिश्चिता गरी प्राप्त विप्रेषणको उत्पादनमूलक उपयोगको लागि सामी कार्यक्रमलाई सबलीकरण गरिनेछ ।
- **"नागरिकको योगदान: महिनामा एकदिन श्रमदान"** भन्ने मूलमन्त्रलाई आत्मसात गर्दै श्रमको सम्मान र श्रमदान गर्ने संस्कृतिको विकास गर्दै लगिनेछ ।
- आन्तरिक रोजगारी सृजनाका लागि रोजागरी श्रृजना हुने खालका योजनाहरु संचालन तथा कार्यन्वयन गर्ने नीति लिईने छ ।

## ख. सामाजिक विकास

## १. शिक्षा नीति

- उच्च शिक्षाको लागि गाउँपालिका स्तरमा क्याम्पस नभएकोले गाउँपालिकाभित्र स्नातक तहसम्मको क्याम्पस संचालनका लागि चालु आर्थिक वर्षमा थप संरचनाको निर्माण गरी सम्बन्धन लिने कार्यको थालनी गरिनेछ।
- सामुदायिक विद्यालयप्रति सरोकारवालाको अपनत्व वढाउन **"मेरो विद्यालय मेरो दायित्व"** अभियानलाई सबै विद्यालयमा विस्तार गरिनेछ । विद्यार्थी, शिक्षक, अभिभावकहरुसँग अन्तरक्रिया भेटघाट कार्यक्रम संचालन गरिनेछ ।
- दलित, अल्पसंख्यक, लोपोन्मुख जातजाति, र आर्थिक रुपले विपन्न परिवार, शहिद एवं बेपत्ता परिवार लगाएत विद्यालय पहुँच भन्दा बाहिरका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न शिक्षामा विशेष अवसर सुनिश्चित गरिनेछ।
- कक्षा ८ र SEE दिने विद्यार्थिहरुको लागि उपचारात्मक कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्नका लागि **पढ्दै सिक्दै सिक्दै र कमाउदै** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्राविधिक धारको शिक्षा संचालन भएका विद्यालयलाई प्रभावकारी वनाउदै थप सञ्चालनका लागि पहल कदमी लिइनेछ ।

- संस्थागत र सामुदायिक विद्यालयलाई निरन्तर नियमन र अनुगमन गरि पृष्ठपोषण प्रदान गरिनेछ।
- विपन्न, असहाय बालबालिकालाई पोशाक तथा शैक्षिक सामाग्री वितरण गरी विद्यालय शिक्षा प्रति आक्रसित गर्ने नीतिलाई निरन्तरता दिइनेछ । विपन्न परिवारमा विद्यार्थीको प्राविधिक शिक्षा अध्ययन गर्नका लागि छात्रवृति उपलब्ध गराउने नीति लिइनेछ ।
- शिक्षाको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विद्यालय तथा शिक्षकहरुलाई कार्यसम्पादनमा आधारित पुरष्कार र दण्डको व्यवस्था गर्ने नीति लिइनेछ । कक्षागत शिक्षण सिकाई,तहगत शिक्षण सिकाइका माध्यबाट उत्कृष्ट विद्यालय र शिक्षकको छनोट गरी प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आवश्यकताको आधारमा शिक्षक दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा बालबालिकामैत्री पूर्वाधारहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- रुन्टीगढी गाउँपालिका भित्र हरित बगैचा, अनुशासन, असल संस्कार सहितको विद्यालय निर्माणमा जोड दिईनेछ ।
- पालिका क्षेत्र भित्रका र वाहिरका नमूना विद्यालयहरुको अध्ययन अवलोकन गराई शिक्षण सिकाई आदान प्रदान गर्ने नीति लिइनेछ ।
- विद्यालयमा विद्यार्थीको आँखा हेरचाह र उपचारको लागि सामुदायिक आँखा उपचार केन्द्र र नेपाल रेडक्रसको समन्वय र सहकार्यमा विद्यालयमा आँखा उपचार अभियानलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरीनेछ ।
- किशोरीहरुको पोषण तथा स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रम संचालन गरीनेछ ।
- रुन्टीगढी गाउँपालिकाको निशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै गरीव विपन्न निम्न वर्गका वालवालिकालाई सहजै पढ्ने वातावारणको सुनिस्चितता गरीनेछ ।

## २. स्वास्थ्य नीति

- **“स्वच्छ गाउँपालिका: स्वस्थ गाउँपालिका”** भन्ने मुलमन्त्रलाई जीवन्त राख्न गुणस्तरीय स्वास्थ्य सेवाको विकास, विस्तार र पहुँच विस्तार गरिनेछ ।
- खोप कार्यक्रमलाई प्रभावकारी वनाउन गुणस्तरीय खोप कार्यक्रमको अपरीहार्यतालाई मध्यनजर गरी खोप कोल्ड चेन सब सेन्टर मापदण्ड विस्तार गरिनेछ ।
- अस्पताल फार्मेसिलाई थप व्यवस्थित गरी सुपथ र सुलभ बनाइनेछ ।
- जेष्ठ नागरिक, महिला, वालवालिकाको स्वास्थ्यमा सुधार गर्न लक्षित वर्ग घुम्ति उपचार शिविर संचालन गरिनेछ ।
- होलेरीमा सञ्चालन भइरहेको ग्रामिण आखाँ केन्द्र र नागरीक आरोग्य केन्द्रलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ ।
- समाजमा कुपोषण न्यूनीकरण गर्न स्वास्थ्य प्रवर्द्धन, पोषणयुक्त खानेकुरा तथा खाद्य बिविधिकरण उपभोगमा प्रोत्साहन गरिनेछ।
- पालिकाका सबै जनता र राष्ट्रसेवक कर्मचारीको स्वास्थ्य विमाको व्यवस्था गर्न स्वास्थ्य विमा कार्यक्रमलाई प्राथमिकतामा राखी सहयोग र समन्वय गरीनेछ ।
- स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गरी लागु औषध दूर्व्यसन जस्ता कुलतहरुलाई नियन्त्रण तथा सुधारका लागि विभिन्न संघ संस्थाहरुसंग साझेदारी गर्ने नीति लिइनेछ ।

- मातृ तथा बाल्यकालिन पोषण स्वास्थ्य  सेवालाई घरदैलोमा पुर्याउन सबै वडामा सुनौलो हजार दिन कार्यक्रम प्रभावकारी बनाइनुका साथै कुपोषणमा परेकालाई थप उपचारको लागि पालिका स्तरिय बहिरङग उपचार केन्द्रलाई निरन्तरता दिइनेछ।
- सार्बजनिक स्थान, विद्यालय र अस्पतालको निश्चित दुरीमा मदिरा, सुर्तिजन्य पदार्थ, जङ्क फुडको प्रयोग र बिक्री वितरण निषेधित गरिनेछ।
- संचालनमा रहेका बर्थिङ सेन्टरहरुलाई निरन्तरता दिदै आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा बर्थिङ सेन्टर स्थापना गरिनेछ ।
- गाउँपालिकाको केन्द्रमा एउटा स्वास्थ्य उपचार तथा योग केन्द्र संचालनका लागि आवश्यक पहल गरिनेछ।
- निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै निजि स्वास्थ्य संस्थाबाट दिइने सेवाको विवरणलाई सुचना प्रणालीमा बिकास गरि सेवालाई सुलभ र गुणस्तरीय बनाईनेछ।
- रासी विज्ञान प्रतिष्ठान दाङ सग समझदारी कायम गरी जनतालाई उपचार, स्क्रिनिङ, प्रबर्धन, परामर्श सेवाको लागि मासिकरुपमा प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालन गरीरहेको बिषशेज्ञ स्वास्थ्य शिबिरलाई निरन्तरता दिईनेछ ।
- सेवालाई आफ्नो धर्म सम्झी स्वास्थ्य क्षेत्रमा अहोरात्र खट्ने महिला स्वयंसेविकाहरु प्रति उच्च सम्मान गर्दै गाउँपालिकाले प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सुरक्षित गर्भपतन सेवालाई साविकका स्वास्थ्य चौकीहरुबाट पनि संचालन गर्नेगरी सेवा विस्तारका लागि पहल गरीनेछ ।
- गर्भवती महिलालाई स्वास्थ्य संस्थामा निशूल्क भिडियो एक्स रे सेवा तथा परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँघर क्लिनिक र खोप क्लिनिकलाई थप सुविधा सम्पन्न वनाउदै सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा स्वास्थ्य जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- होलेरी प्राथमिक स्वास्थ्य केन्द्रबाट स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन गर्न पहल गरिनेछ ।
- मसिना स्वास्थ्य चौकी वाट संचालन भइरहेको ल्याव सेवालाई व्यवस्थित गर्दै X-ray  सेवाको विस्तार गरीनेछ ।

## ३. खानेपानी तथा सरसफाई नीति

- **मुहान देखि मुख सम्म स्वच्छ पानीको** अवधारणा अनुरुप सर्वसाधारणका लागि स्वच्छ खानेपानी उपलब्ध गराउन **एक घर एक धारा** कार्यक्रमलाई निरन्तरताका साथै खानेपानीको शुद्धताको लागि मुहानको गुणस्तरको जाँच गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य लिईनेछ ।
- रुन्टगढी गाउँपालिकामा रहेको वृहत लिप्सिङको खानेपानी आयोजनाहरुलाई निरन्तरता दिईनेछ ।

## ४. कला साहित्य तथा संस्कृति नीति

- कला साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने पालिका स्तरिय प्रतिष्ठान गठन गरि विकास गरिनेछ ।
- गाउँगाउँमा रहेको प्रतिभालाई प्रस्फुटन गर्न विभिन्न विद्यामा (गायन, नृत्य, साहित्य, वाध्यवादन लगाएतको विद्या छनोट गर्ने गरी रुन्टीगढि प्रतिभा छनोट कार्यक्रम सञ्चालन गरीनेछ ।

## ५. सामाजिक समावेशिकरण, जेष्ठ नागरिक, महिला, वालवालिका नीति

- अपाङगता भएका, असक्त नागरिकलाई आवश्यक पर्ने सहयोगी सामाग्री वितरण तथा जिबन उपयोगी हुने खालका तालिमको व्यवस्था गरिने छ ।
- **"जेष्ठ नागरिक समाजका अमूल्य निती"** भन्ने मान्यतालाई आत्मसात गर्दै जेष्ठ नागरिकको आत्मस्मान अभिवृद्धि र ज्ञान, सिप तथा अनुभवको पुस्तान्तरणको लागि शैक्षिक संस्थासँग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायको अधिकार सुनिश्चित गर्दै समावेशी र समानतामूलक विकासलाई प्राथमिकता दिइनेछ।
- स्थानीय तहका सबै योजना, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI/GEDSI) को मूलप्रवाहीकरण गरिनेछ।
- महिला सशक्तीकरण, आत्मनिर्भरता तथा उद्यमशीलता विकासका लागि सीपमूलक तालिम, आयआर्जन तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
- बालअधिकार संरक्षण, बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बालविवाह, बालश्रम, हिंसा र दुर्व्यवहार न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा सामाजिक संरक्षणका लागि स्वास्थ्य सेवा, सम्मान कार्यक्रम तथा सहजीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा विभेद अन्त्यका लागि सचेतना, परामर्श तथा संरक्षणात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्न सार्वजनिक सेवा, संरचना तथा कार्यक्रमलाई अपाङ्गमैत्री बनाइनेछ।
- महिला, बालबालिका तथा बञ्चितीकरणमा परेका समुदायको उत्थान तथा विकासको लागि कुल पूँजीगत बजेटको ०.१ प्रतिशत रकम सुनिश्चित गरिनेछ।
- विद्यालय तथा समुदायस्तरमा किशोरी सशक्तीकरण, प्रजनन स्वास्थ्य तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउन तथ्याङ्क व्यवस्थापन, GESI अडिट तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तहका सबै शाखा तथा निकायमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गरिनेछ।
- महिला समूह, आमा समूह, बाल क्लब, ज्येष्ठ नागरिक समूह तथा अपाङ्गता भएका व्यक्तिहरूका संस्थासँग समन्वय र सहकार्य गरिनेछ।

- विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रममा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा कमजोर समुदायको विशेष आवश्यकता समेटिनेछ।
- "कसैलाई पनि पछाडि नछोड्ने" सिद्धान्तअनुसार समावेशी विकास र सामाजिक न्याय कायम गर्न बजेट विनियोजन गरिनेछ।

## ६. युवा तथा खेलकुद नीति

- गाउँपालिका भित्रका युवाहरुलाई आशा जगाउने क्षमता बढाउने नैतिकता प्रवर्द्धन गर्ने सीप र उद्यमशिलता विकास गरी उत्पादनसँग जोड्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ । युवाहरुलाई रचनात्मक र सिर्जनशिल कार्यमा परिचालन गर्न युवा क्लबहरु गठन तथा संचालनलाई प्रोत्साहन गरिनेछ ।
- **"स्वास्थ्यको लागि खेलकुद"** कार्यक्रमको लागि खेलकुदलाई व्यवस्थित रुपमा संचालन गर्न खेलकुद विकास कार्यविधि बनाई लागु गरिनेछ ।
- युवाहरुका लागि स्वरोजगारमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पालिका तथा वडाहरुमा यूवासंजालहरु गठन गरी परिचालन गर्ने नीति लिइनेछ ।
- खेलकुद क्षेत्रको विकास गर्न विभिन्न कार्यक्रमको आयोजना गरीनेछ ।
- खेलकुदलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि विभिन्न खेलकुदका कार्यक्रम संचालन गरिनेछ ।

## ७. सामाजिक सुरक्षा नीति

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंङ्कीक प्रणालीबाट भुक्तानी गर्दा लाभग्राहीलाई सहज हुनेगरि वितरण प्रणालिलाई व्यवस्थित गर्दै वडा स्तरबाटै वितरण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- **हिंसा पिडित** महिलाहरुलाई उद्धार तथा पुर्नस्थापना गर्न लैङ्गिक हिंसा निवारण कोष संचालन गरिने छ।
- औपचारिक तथा अनौपचारिक श्रममा संलग्न श्रमिकको लागि सामाजिक सुरक्षा कोषमा जोडिन प्रेरित र प्रोत्साहन गरिनेछ ।

## ग. पूर्वाधार विकास

## १. सडक तथा पुल नीति

- सडक लगायत भौतिक सम्पति संरक्षण, मर्मत सम्भार, आपतकालिन मर्मत, पुर्ननिर्माण एवं व्यवस्थापन गर्न मर्मत सम्भार कोषलाई थप रकम व्यवस्था गरिदै लगिनेछ ।
- गाउँपालिका केन्द्र देखि वडा कार्यालय जोडने सडकको स्तरोन्नति तथा अन्य सहायक मार्गहरुलाई क्रमश: स्तरोन्नती गर्दै लगिनेछ ।
- पालिका भित्र निर्माण हुने पूर्वाधारका संरचनाहरुलाई महिला,बालबालिका,अपांगता भएका व्यक्ति,जेष्ठ नागरिक तथा बालवालिका मैत्री बनाइनेछ ।

- विकट बस्ती र विपन्न समुदायका लागि नागरिकलाई लक्षित गर्दै आधा घण्टा भन्दा बढी समय पैदल हिड्न नपर्ने गरी यातायातको प्रवन्ध गर्ने नीति लिइनेछ ।
- "हरियाली सहितका सडक पूर्वाधार : ग्रामिन सुन्दरताको आधार" भन्ने नाराका साथ निर्मित सडकहरुमा ग्रिन वेल्टको विकास गरी सुन्दरता अभिबृद्धि गर्न वृक्षारोपन कार्यक्रम गरी अभियानका रुपमा सञ्चालन गरिनेछ ।

## २. भवन तथा सहरी विकास नीति

- गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको अभिलेखीकरण र नयाँ निर्माण हुने भवनहरुको नक्शा पास गरि निर्माण ईजाजत पत्र दिने कार्यलाई सुरुवात गरीनेछ ।बजार क्षेत्रका घरहरुलाई नक्सा पासको व्यवस्था गरिने छ ।
- पुरातात्विक महत्वका संरचनाहरुको अनुसन्धान एवं जिर्णोद्वार गरि संरक्षण गरिनेछ।
- यस पालिका क्षेत्र भित्रका होलेरी, सुर्पाल, सैवाङ,दहवन, चौखे, डुब्रिङ, गोरिनेटा बजार क्षेत्रलाई व्यवस्थित बजारका रुपमा विकास गर्न बजार व्यवस्थापन समितिलाई क्रियाशिल बनाइने छ ।

## ३. सूचना तथा संचार नीति

- अप्टीकल फाईवर सिस्टमबाट गाउँपालिकामा भरपर्दो नेटको सुविधा विस्तार गर्न आवश्यक पहल गरिने छ ।
- एक संचार माध्यम, एक सामाजिक दायित्व कार्यक्रम अन्तरगत स्थानीय संचार माध्यम संग समन्वय गरी गाँउपालिकाका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछन् ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- यस गाउँपालिकाको व्यस्त बजारक्षेत्र र महत्वपुर्ण स्थानहरुमा निगरानी तथा सुरक्षा व्यवस्थाको लागि सडक बत्ति तथा सि.सि. क्यामेरा जडान गरी निरन्तरता दिईनेछ ।
- नागरिक वडापत्र सेवाग्राहीले बुझ्ने गरी राखिएको डिजिटल बोर्डलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- सेवाग्राहीको जिज्ञासा, गुनासो संम्बोधन संयन्त्रलाई सवलीकरण गरिनेछ ।
- गाउँपालिकाले संचालनमा ल्याएको सफ्टवेयर र वेवसाईटलाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।

## ४. उर्जा लघु तथा साना जलविद्युत नीति

- विद्युतको पहुँच नभएको क्षेत्रमा विद्युत विस्तारका कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका उज्यालो बनाउने अभियान अन्तर्गत गाउँपालिकाभित्रका मुख्य मुख्य सार्वजनिक स्थानहरु सडक, पाटी पौवा, देबस्थल, कार्यालयहरुमा बैकल्पिक उर्जा अन्तर्गत सौर्य सडक बत्ती जडान कार्य निरन्तरता दिइनेछ ।

## घ. वन वातावरण तथा विपद व्यवस्थापन

## १. भू-तथा जलाधार संरक्षण नीति

- पहिरो तथा वाढी जान सक्ने स्थानहरुको पहिचान गरी तटबन्धन निर्माणको व्यवस्था मिलाईने छ ।
- जलश्रोतका मुहान संरक्षणको लागि बृक्षारोपनका साथ साथै आवश्यक स्थानहरुमा तटबन्धको निर्माण गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रमा वातावरण संरक्षण तथा हरियाली वृद्धि गर्नको लागि सौन्दर्यपरक विरुवा रोप्ने नीति लिइनेछ ।

## २. जलवायू परिवर्तन अनुकुलन नीति

- विपद् व्यवस्थापन तथा उद्धार प्रतिकार्य योजना अनुसार कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।
- जलवायु परिवर्तनको असरबाट पर्ने जोखिमलाई कम गर्नको लागि जलवायु अनुकुलन योजनाहरुको निर्माण तथा अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ३. जल उत्पन्न प्रकोप व्यवस्थापन नीति

- पालिका भित्र हुने बाढी पहिरो, आगलागी, भूकम्प जस्ता प्राकृतिक प्रकोप तथा मानव सृजित विपत्तिमा तुरुन्त खोज उद्धार तथा राहात प्रदान जस्ता कार्यलाई प्रभावकारी बनाउन पालिकाले नेपाल प्रहरी, नेपाल रेडक्रस तथा अन्य संघ संस्थाहरुसंग समन्वय गरी काम गर्ने नीति लिइनेछ ।

## ४. वातावरण तथा फोहोरमैला व्यवस्थापन नीति

- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न सामुदायिक तथा सरकारी बनहरुको संरक्षण, सम्वर्द्धन तथा उपयोग गर्दै दिगो विकासका माध्यमबाट योजनाहरु संचालन गर्ने नीति लिइनेछ ।
- जडिबुटी पकेट क्षेत्रहरुको पहिचान यसको संरक्षण प्रबर्द्धन तथा उपयोगको नीति लिइनेछ ।
- वन क्षेत्रलाई सम्मृद्धिको आधारको रुपमा विकास गरी वनबाट आम्दानी, रोजगार सृजना र त्यसबाट जनताको जीवनस्तर उकास्न कार्यक्रम ल्याइनेछ ।
- खानी, खनिज पदार्थ उत्खनन्, निर्माणकार्य तथा अन्य मानवीय कृयाकलापबाट वातावरणमा पर्ने असर न्यूनिकरण गर्न अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- खाली जमिनमा वृक्षारोपन गर्ने नीति निरन्तरता लिईनेछ ।
- समृद्धिका लागि वन कार्यक्रमबाट दिगो वन व्यवस्थापन गरी स्थानीय नागरिकको जीवनस्तर सुधार गर्ने कार्यमा विशेष पहल गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत

## १. आन्तरिक आय वृद्धि, कर, राजश्व परिचालन नीति

- यस गाउँपालिका भित्र व्यवसाय गर्ने व्यवसायीहरुले व्यवसाय दर्ता गरे नगरेको पहिचान गरि दर्ता नगरेकालाई दर्ता प्रकृयामा लिइनेछ ।
- आन्तरिक आय बढाउन करको दर घटाउँ दायरा बढाउँ अभियान संचालन गरिने छ ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदनको सिफारिसलाई कार्यान्वयन गरिने छ ।
- यस गाउँपालिकाबाट निकासी हुने वस्तुहरुको पहिचान गरी निकासी शुल्क लगाईनेछ ।
- गाँउपालिकाका विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ ।
- बजार अनुगमनलाई नियमित, व्यवस्थित गरी व्यवसायिक राजश्व संकलनमा बृद्धि गरिनेछ ।
- घर वहाल कर, विज्ञापन कर, मनोरंजन कर लगायत अन्य शुल्कको दायरा विस्तार गरी कर सम्बन्धी नीति, कानून, मापदण्ड बनाइ नियमन गरिनेछ ।

## ३. मानव संशाधन नीति

- गाउँपालिका अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी सोका आधारमा कार्यसम्पादन मुल्यांकन काम गर्ने कार्यको थालनी गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- संघीय, प्रादेशिक र स्थानीय सरकारको ऐन नियमानुसार गाँउ कार्यपालिकालाई आवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोको प्रतिवेदनका आधारमा रिक्त दरबन्दीको पदपूर्ति गरिनेछ ।
- गाँउपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनिय, क्षमतायुक्त र प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकालाई बिभिन्न समयमा आईपर्ने विषयलाई सम्बोधन गर्न निम्न बमोजिमका कोषहरुको व्यवस्थापन र परिचालनका लागि आवश्यक कानुनी व्यवस्था गरिने छ ।
  मर्मत संभार कोष
  कर्मचारी कल्याण कोष
  प्राकृतिक विपद उद्धार विशेष कोष
  लक्षित वर्ग (महिला, बालकालिका,दलित, जेष्ठ नागरिक,फरक क्षमता), विकास विशेष कोष

- कर्मचारीहरुमा पेशागत मर्यादा, अनुशासन, उत्तरदायित्व, जवाफदेहीताको भावनालाई सदाचार शिक्षा, क्षमता विकास तालिम, आचार संहिता तयारी तथा कार्यान्वयनको माध्यमबाट पुनस्थापित गरिनेछ ।सबै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँपालिकाको यथार्थ र बस्तुगत तथ्याङ्क संकलन गरी डिजिटल पाश्र्वचित्र बनाउने कार्य सम्पन्न भएकोछ, यसलाई समय सापेक्ष अद्यावधिक गर्दै लगिनेछ ।

## ४. सुशासन संगठन विकास तथा कार्यालय व्यवस्थापन नीति

- गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राही मैत्री बनाउदै व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिदै र भ्रष्टाचार तथा अनियमितता जस्ता कार्यहरुलाई नियन्त्रण गर्नका लागि शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ।
- गाउँपालिकाबाट विभिन्न विकास तथा कार्यक्रमहरु संचालन गर्दा सार्वजनिक निजी साझेदारी मोडेलमा गर्ने नीति लिइनेछ।
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ।
- कार्यप्रणालिलाई सरलीकरण गर्नको लागि आवश्यक ऐन,नियम, कार्यविधि आदिको निर्माण गरी लागू गरिनेछ ।

- आर्थिक क्रियाकलापमा आएको संकुचन संगै आन्तरिक आय, अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ख्याल गर्दै आन्तरिक तथा चालु खर्च पद्धतिलाई मितव्ययी र व्यवस्थित गरिनेछ । यसका लागि कार्यालयमा हुने इन्धन लगायतका अन्य चालु खर्चलाई मापदण्ड लागु गरी निश्चित सिमा भित्र राख्ने नीति लिइनेछ।
- स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) मा आधारित योजना र कार्यक्रम तर्जुमा गरीनेछ । प्राप्त अंकको सामयिक समिक्षा गरी सुधारको लागि आवश्यक नीति वनाइनेछ ।

## ४. सार्वजनिक खर्चमा मितव्ययी नीति

- गाउँपालिका भित्र सञ्चालन गरिने औपचारीक तथा अनौपचारीक कार्यक्रमहरुमा खादा व्याच जस्ता खर्चिला सामाग्रीहरुलाई पुर्णरुपमा बन्द गर्ने नितिलाई निरन्तरता दिइनेछ ।
- पालिकामा हुने खर्चलाई मितव्ययी र एकरुपता कायम गर्न सार्वजनिक खर्चको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५. सामाजिक परिचालन र टोल विकास नीति

- **सुरक्षित** नागरिक आवास कार्यक्रम अन्तर्गत बिपन्न परिवारका लागि खरको छाना विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- यस गाँउपालिका क्षेत्रभित्र जुवातास जस्ता अनैतिक कृयाकलापहरु बन्द गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- **उपभोक्ताहरुको** हकहित संरक्षणका लागि गुणस्तरिय परिक्षण र नियमित अनुगमन मार्फत उपभोग्य बस्तुहरुको गुणस्तरता सुनिस्चित गरिने छ ।
- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको गठन गरी उनीहरुकै सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, सस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- नागरिकता, अपाङ्ग परिचय पत्र वितरण, पंजिकरण, स्वास्थ्य सेवा समेत गरी जन चासोका सबै विषयहरुलाई स्थलगत रुपमा सम्बोधन गर्न एकीकृत घुम्ती शिविर संचालन गर्ने नीति लिइनेछ
- पालिकामा संचालन हुने विकास निर्माण तथा अभियानहरुमा टोल विकास संस्थाहरुको अहम भूमिकालाई मध्यनजर गर्दै टोल विकास संस्थाहरुको गठन तिनको क्षमता विकास तथा साझेदारी गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

## ६. न्याय सम्वन्धि नीति

- न्यायिक समितिको कार्यलाई थप व्यवस्थित गर्न न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम संचालन गरिनेछ ।
- वडा स्तरमा न्यायको पहुँच अभिबृद्धि गर्न सबै वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ । मेलमिलापकर्ता तथा क्षमता विकासमा ध्यान दिइनेछ ।

**अन्तमा,** यो नीति तथा कार्यक्रम **"खुसी र समृद्धि: अबको रुन्टीगढी"** भन्ने गाउँपालिकाको मूल मन्त्रलाई यथार्थमा परिणत गर्ने मार्गदर्शक दस्तावेज हो । रुन्टिगढी गाउँपालिकाको एक्लो प्रयासबाट मात्रै अपेक्षित उपलब्धी हासिल गर्न पक्कै संभव छैन ।सरकारी, निजी, गैर सरकारी, सामुदायिक तथा सहकारी संस्थाहरुको संयुक्त प्रयास, समन्वय र सहकार्यमा यो नीति तथा कार्यक्रम सफल तथा प्रभावकारी कार्यान्वयन हुने विश्वास व्यक्त गर्दै रुन्टिगढीको विकास र समृद्धिको यात्रामा सबैको सहभागिताका लागि हार्दिक आह्वान गर्दछु । म यस अवसरमा सबै प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**जनक पुन**
**गाउँसभा अध्यक्ष**
**रुन्टिगढी गाउँपालिका,रोल्पा**